# माडी गाउँपालिकाको विनियोजन विधेयक, २०८२

गाउँ सभाबाट पारित मितिः २०८२/०३/१०

## माडी गाउँपालिका

घर्तिगाउँ, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

# माडी गाउँपालिकाको विनियोजन विद्येयक, २०८२

## माडी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुका लागि स्थानीय सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** माडी गाउँपालिकाको आ.व.२०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम माडी गाउँसभामा यो विधेयक पेश गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम माडी गाउपालिकाको विनियोजन विधेयक २०८२ रहेको छ।

(२) यो विधेयक २०८२ श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसूचीमा उल्लेखित चालु खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा ४२ करोड ४२ लाख ९४ हजार ९ सय ७६ रुपैयाँमा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः (**१) यस विधेयकद्धारा कोषबाट खर्च गर्न दिईएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त माडी गाउँपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षकबाट अर्को एक वा एक भन्दा बढि शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र ब्याज भूक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन, तर चालू तथा पूँजीगत र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशन भन्दा बढि नबढने गरी कुनै एक वा एक भन्दा बढि शिर्षकहरुमा रकम सार्न परेमा गाउँसाभाको स्वीकृत लिनु पर्ने छ।

४. **कार्यविधी तथा मादण्ड बनाउन सक्नेः** यो विधेयकमा विनियोजन भएको रकम खर्च गर्न कार्यविधि वा मापदण्ड बनाउन आवश्यक भएमा कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सकिनेछ ।

**५. बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्नेः** विनियोजित बजेट कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाकाले बाधा अड्काउ फूकाउन आदेश जारी गर्न सक्नेछ त्यसरी जारी गरिएको आदेश स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि मात्र लागू हुनेछ।

**अनुसूची-१**

**(दफाँ २ सँग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

# सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.स | अनुदानको संख्या | शिर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | गाउँपालिका / वडा पालिका | ८,६६,७७,४६८ | ६,९९,९०,००० | | १५,६६,६७,४६८ |
| | | विषयगत शाखा | ३,४१,००,००० | २१,९४,००० | | ३,६२,९४,००० |
| | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० | ० |
| | | लगानी शेयर/ऋण | ० | ० | ० | ० |
| | | जम्मा | १२,०७,७७,४६८ | ७,२१,८४,००० | | १९,२९,६१,४६८ |